# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ४ मितिः २०८२।०३।२६

## भाग — २

### स्थानीय आयोजना बैंक व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो **"स्थानीय आयोजना बैंक व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२"** बनाई लागू गरेको छ ।

# स्थानीय आयोजना बैंक व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०३/१०*

**प्रस्तावनाः**

आयोजनाको पहिचान, वर्गीकरण, मूल्यांकन, छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरण कार्यलाई प्रभावकारी, लागत प्रभावी, तथ्यपरक र वस्तुपरक बनाई स्रोत र साधानको कुशल बिनियोजन मार्फत आयोजना व्यवस्थापनमा सुशासनको प्रत्याभुती गर्न एबम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले व्यवस्था गरेको आयोजना बैंक समबन्धी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले यो मापदण्ड बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम स्थानीय आयोजना बैंक व्यवस्थापन मापदण्ड, २०८२ रहेको छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) आयोजना भन्नाले निश्चित उद्धेश्य लक्ष्य र परिणामको लागि कार्यान्वयन गरिने समय सीमा र बजेट लागत खुलाइएको, पूर्व तयारी सम्पन्न भएका, कार्य सम्पन्न भएपछि सार्वजनिक सम्पतिमा वृद्धि वा रुपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय वा अन्य विकाससँग सम्बन्धित कार्य वा क्रियाकलापको समुहलाई सम्झनु पर्छ ।

(ख) आयोजना बैंकः भन्नाले आयोजनाको पहिचान, वर्गीकरण,मूल्यांकन, छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरणको लागि प्रविष्ट गर्न स्थापना गरिएको स्थानीय आयोजना बैंकसँग सम्बन्धित विद्युतीय प्रणाली (अनलाइन सिस्टम) र सो प्रणालीमा कार्यान्वयन गर्न योग्य सुचिकृत आयोजनाको विवरण संग्रहलाई जनाउछ ।

(ग) विषयगत शाखा भन्नाले शिवराज नगरपालिकाको बिभिन्न बिषय क्षेत्रसँग सम्बन्धित शाखा/उपशाखालाई सम्झनु पर्छ ।

(घ) वडा भन्नाले शिवराज नगरपालिका भित्र रहेका वडा कार्यालय तथा वडा समितिलाई सम्झनु पर्छ ।

(ङ) बिषयगत समिति भन्नाले कार्यपालिकाद्वारा गठन गरी संचालनमा रहेका आर्थिक विकास समिति, सामाजिक विकास समिति, भौतिक पूर्वाधार विकास समिति, वन वाताबरण तथा बिपद व्यवस्थापन समिति र सुशासन तथा संस्थागत क्षमता विकास समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## स्थानीय आयोजना बैंक सम्बन्धी व्यवस्था

३. **स्थानीय आयोजना बैंकको स्थापनाः** (१) शिवराज नगरपालिकामा स्थानीय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सहितको एक स्थानीय आयोजना बैंक रहनेछ ।

(२) स्थानीय आयोजना बैंकको संचालन तथा व्यवस्थापन कार्यपालिकाको नीतिगत मार्गदर्शन तथा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेखमा योजना शाखा र सूचना प्रबिधि शाखाले गर्नेछ ।

४. **आयोजना बैंकमा प्रविष्ट गर्नुपर्नेः** (१) विषयगत शाखा वा वडा कार्यालयले देहायका आयोजना तथा कार्यक्रम स्थानीय आयोजना बैंकमा प्रबिस्ट गर्नु पर्नेछः

(क) संघ सरकार, प्रदेश सरकार र संघ सरकार मार्फत विकास साझेदारसँगको साझेदारीमा संचालन गरिने कार्यक्रम वा आयोजना,

(ख) सार्बजनिक- निजि साझेदारीमा संचालन हुने आयोजना/कार्यक्रम

(ग) वन क्षेत्रको प्रयोगको लागि कानुन बमोजिम जग्गा प्राप्ति गरी संचालन गर्नु पर्ने आयोजना

(घ) स्थानीय गौरबको आयोजना तथा कार्यक्रम

(ङ) DPR तयार गरी कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजना

(च) वहुबर्षिय रुपमा संचालन गरिने आयोजना तथा कार्यक्रम

(छ) रु. १० लाख भन्दा बढी लागत अनुमान भएका वा बिनियोजन भएका कार्यक्रम/आयोजना

(२) उपदफा (१) बमोजिमको आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने विषयगत शाखा वा वडा कार्यालयले संचालनमा आएका योजना/कार्यक्रमको हकमा वित्तीय तथा भौतिक प्रगति विवरण त्रैमासिक रुपमा स्थानीय आयोजना बैंकमा अध्यावधिक गर्नु पर्नेछ ।

(३) संचालनमा रहेको कार्यक्रम/आयोजना उपर कार्यपालिकाले कुनै निर्णय गरेको भए सोको विवरण समेत सम्बन्धित वडा वा शाखाले स्थानीय आयोजना बैंकमा अध्यावधिक गर्नु पर्नेछ र योजना शाखाले त्यस्तो निर्णयको जानाकारी सम्बन्धित वडा वा बिषयगत शाखालाई दिनुपर्नेछ ।

(४) प्रत्येक बर्ष आगामी आर्थिक बर्षमा कार्यान्वयन शुरु हुने नयाँ आयोजना तथा कार्यक्रमको हकमा चालु आर्थिक वर्षको जेष्ठ १५ गते भित्र आयोजन बैंकमा आयोजना तथा कार्यक्रम प्रबिस्ट गरी सक्नु पर्नेछ ।

तर आर्थिक बर्ष ०८२/०८३ मा कार्यान्वियन हुने र बिगतका आर्थिक बर्ष देखि कार्यान्वियनमा रहेका आयोजना तथा कार्यक्रमको हकमा असार १० गते भित्र आयोजना बैंकमा प्रबिस्ट गरि सक्नु पर्नेछ।

(५) आयोजना बैंकमा आयोजना प्रबिस्ट गर्दा अनुसूची-१ बमोजिमको प्रक्रिया तथा चरण अनुसार गर्नु पर्नेछ ।

५. **स्थानीय आयोजना बैंकको व्यवस्थापनः** (१) आयोजना बैंकको संचालन र व्यवस्थापनको कार्य योजना महाशाखा/शाखा को समन्वयमा हुनेछ । यस कार्यको प्रत्यक्ष निगरानी तथा नियन्त्रण प्रमुख प्रशासकीय अधिकृत मार्फत हुनेछ ।

(२) कुनै आयोजनाको परिक्षण गर्न योजना शाखाले मात्र सम्भब नभएमा अन्य बिषयगत शाखा वा निश्चित अवधी र शर्त तोकी विषयक्षेत्रगत विज्ञको परामर्श सेवा समेत लिन सक्नेछ।

(३) योजना तथा अनुगमनसँग सम्बन्धित कार्य गर्ने शाखाले अन्य विषयगत शाखा र वडा समितिवाट हुने आयोजना तथा कार्यक्रमको पहिचान, वर्गीकरण, छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरण प्रक्रियामा सम्पर्क तथा समन्वय विन्दुको रुपमा कार्य गर्नेछ ।

६. **संघ र प्रदेश तहका आयोजना बैंकसँगको अन्तर आवद्धताः** (१) आयोजनाको दोहोरोपन हुन नदिन र बिनियोजन कुशलताको लागि शिवराज नगरपालिकाले राष्ट्रिय आयोजना बैंक र प्रदेश आयोजना बैंकसँग प्रणालीगत अन्तर आवद्धता कायम गर्ने पहल गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न संघ र प्रदेश सरकारले स्थानीय आयोजना बैंकसँग प्रणालीगत आवद्धत्ता कायम हुने गरी समन्वय र सहजीकरण गर्नु पर्नेछ ।

## परिच्छेद ३

## आयोजनाको पहिचान, छनौट, विकास र आयोजना बैंकमा प्रबिस्टि

७. **पूर्ब सम्भाव्यता र सम्भाव्यता अध्ययन गराउनु पर्नेः** आयोजना बैंकमा प्रबिस्ट गर्ने गरी पहिचान भएका आयोजनाको हकमा आवश्यकता र औचित्यका आधारमा पूर्ब सम्भाव्यता र सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

८. **विस्तृत अध्ययन गराउनुपर्नेः** पूर्वाधारसँग सम्बन्धित आयोजनाको हकमा आयोजनाको विस्तृत अध्ययन प्रतिबेदन तयार गरी आयोजना बैंकमा प्रबिस्ट गर्नु पर्नेछ ।
यस दफाको प्रयोजनका लागि विस्तृत अध्ययन प्रतिबेदन भन्नाले आयोजनाको प्रकृति अनुसार विस्तृत इन्जिनियरिङ डिजाईन वा विस्तृत आयोजना प्रतिबेदनलाइ जनाउछ ।

९. **आयोजनाको आर्थिक, सामाजिक तथा वित्तीय विश्लेषणः** आयोजना बैंकमा प्रबिस्ट गर्दा लाभ लागत, लागत प्रभावकारिता, सामाजिक प्रभाब, विपद प्रतिरोधी क्षमता तथा जलवायू उत्थानशिलता, भौगोलिक उपयुक्तता, आर्थिक सामाजिक तथा वित्तीय पक्षमा अपेक्षित परिणाम तथा उपलब्धि र प्रभाबजस्ता पक्षको विश्लेषण गरी आयोजनाको विस्तृत विवरण प्रतिबेदनमा खुलाउनु पर्नेछ ।

१०. **आयोजनाको वातावरणीय अध्ययन गराउनुपर्नेः** आयोजनाको स्वीकृत वातावरणीय अध्ययन आयोजना बैंकमा प्रबिस्ट गर्नु पर्नेछ ।
*स्पस्टीकरणः यस दफाको प्रयोजनका लागि वातावरणीय अध्ययन भन्नाले प्रचलित कानुन बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाब मुल्यांकन प्रतिबेदनलाई जनाउछ ।*

११. **जग्गा प्राप्तिः** आयोजना कार्यान्वयनको क्रममा जग्गा प्राप्ति गर्नु पर्ने भएमा देहाय बमोजिमको विवरण सहितको कार्ययोजना तयार गरी आयोजना बैंकमा प्रबिस्ट गर्नु पर्नेछ।

(क) प्राप्ति गर्नुपर्ने जग्गाको क्षेत्रफल

(ख) जग्गाको किसिमः सरकारी वा सार्बजनिक जग्गा, वन क्षेत्र तथा अन्य प्रकृतिको जग्गा,

(ग) जग्गा प्राप्तिको लागि लाग्ने अनुमानित लागत,

(घ) प्रभावित घरधुरी

१२. **आयोजनाको वित्तीय प्रबन्धः** (१) आयोजना बैंकमा प्रबिस्ट गर्दा नेपाल सरकारको योगदान, ऋण, अनुदान र निजि साझेदारी लगानीको विवरण र स्रोत समाबेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण आयोजनाको सम्पूर्ण अवधिको लगानीको प्रारम्भिक अनुमानित लागत र स्रोत समेत खुलाई प्रबिस्ट गर्नु पर्नेछ ।

१३. **आयोजना बैंकमा प्रबिस्ट गर्दा पेस गर्नु पर्ने कागजातः** (१) पूर्वाधारजन्य आयोजना प्रबिस्ट गर्दा देहायका कागजात संलग्न भएको एकिन गरी सोको अनुसूची-२ बमोजिमको चेकलिस्ट समेत प्रमाणित गरी समावेश गर्नु पर्नेछ ।

(क) आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन वा विस्तृत आयोजना प्रतिबेदन,

(ख) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिबेदन

(ग) आयोजनाको लागि जग्गा अधिग्रहण गर्नुपर्ने भए सोको कार्ययोजना वा जग्गा प्राप्ति भैसकेको भए सोको प्रमाण

(घ) खरिद योजना वा खरिद गुरुयोजना

(ङ) कार्यान्वयन कार्ययोजना

(च) नतिजा खाका

(छ) आयोजनाको सम्बन्धमा अन्य कुनै उल्लेखनीय बिषय भएमा सो समेत उल्लेख गर्ने।

(२) गैर पूर्वाधारजन्य आयोजना प्रबिस्ट गर्दा देहायका कागजात संलग्न भएको यकिन गरी सोको अनुसूची-२ बमोजिमको चेकलिस्ट समेत प्रमाणित गरी समावेश गर्नु पर्नेछ।

(क) आयोजनाको स्वीकृत आयोजना प्रस्ताब

(ख) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिबेदन

(ग) आयोजनाको लागि जग्गा अधिग्रहण गर्नुपर्ने भए सोको कार्ययोजना वा जग्गा प्राप्ति भैसकेको भए सोको प्रमाण

(घ) खरिद योजना वा खरिद गुरुयोजना

(ङ) कार्यान्वयन कार्ययोजना

(च) नतिजा खाका

(छ) आयोजनाको सम्बन्धमा अन्य कुनै उल्लेखनीय बिषय भएमा सो समेत उल्लेख गर्ने।

**१४. नयाँ आयोजनाको पहिचान, अध्ययन र अनुसन्धानः** (१) विषयगत शाखा वा वडा कार्यालय वा नगरपालिकाले पूर्ब तयारी नभएका नयाँ आयोजनाको पहिचान, अध्ययन अनुसन्धान प्रयोजनका लागि आवश्यक पर्ने बजेट माग गर्न आयोजना बैंकमा प्रस्तावित आयोजनाको विवरण प्रबिस्ट गर्न सक्नेछन।

**१५.** (२) उपदफा (१) बमोजिमको आयोजनालाई आयोजना बैंकमा छुटै खण्डमा समाबेश गरी सूचिकृत गर्नु पर्नेछ ।

**१६. क्रमागत आयोजनाको प्रबिस्टिः** यो मापदण्ड लागु हुनु भन्दा अगाबै संचालनमा रहेका आयोजना तथा कार्यक्रम आयोजना बैंकमा प्रबिस्ट नभएको भए सम्बन्धित वडा वा बिषयगत शाखा वा योजना शाखाले आयोजना तथा कार्यक्रमको विस्तृत विवरण सहित संबत् प्रत्येक वर्ष आषाढ १० गते भित्र आयोजना बैंकमा प्रबिस्ट गर्नु पर्नेछ ।

## परिच्छेद ४
## आयोजनाको परिक्षण, वर्गीकरण, छनौट तथा प्राथमिकीकरण

**१७. आयोजना प्रस्तावको परिक्षणः** (१) आयोजना बैंकमा प्रबिस्टका लागि पेश भएका नयाँ तथा क्रमागत आयोजनाको प्रस्तावको सामान्य परिक्षण सम्बन्धित विषयगत शाखा र योजना शाखाले गर्नेछ।

(२) आयोजना बैंकमा प्रबिष्ट भएका आयोजनाको परिक्षण योजना तथा अनुगमन शाखाले गर्नेछ ।

(३) आयोजना बैंकमा प्रबिस्टिको लागि पेश भएका सवै आयोजना तथा कार्यक्रम स्वीकृतिको लागि कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ ।

**१८. आयोजनाको वर्गीकरणः** नगरपालिकाले आयोजनाको प्रकृति, कार्यक्षेत्र, लागत तथा त्यसले पार्न सक्ने प्रभाब समेतको आधारमा कार्यक्रम तथा आयोजनालाई स्थानीय गौरभ, स्थानीय प्राथमिकता, रुपान्तरणकारी, सामान्य, संघवाट कार्यन्वयन हुने, प्रदेशवाट कार्यान्वयन हुने जस्ता प्रकारमा बर्गिकरण गरी आयोजना बैंकमा प्रबिस्ट गर्नु पर्नेछ ।

**१९. मध्यमकालीन खर्च संरचनामा समाबेश गर्नुपर्नेः** (१) बिषयगत शाखाले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा आयोजना बैंकमा प्रबिष्ट भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकीकरण (P1, P2) गरी मध्यमकालीन खर्च संरचनामा समाबेश गर्नु पर्नेछ ।

(२) मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा प्रस्तावित नयाँ तथा क्रमागत दुवै आयोजनाको विवरण समाबेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार पारिएको मध्यमकालीन खर्च संरचना सम्बन्धित विषयगत शाखाले योजना तथा अनुगमन शाखा मार्फत स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल समक्ष पेस गर्नु पर्नेछ ।

(४) पेस भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना बार्षिक बजेट तथा कार्यक्रम संगसंगै मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया अनुरुप आवश्यक छलफल तथा स्वीकृत हुनेछ।

(५) मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रमको सैद्धान्तिक, नीतिगत एबम कार्यक्रमगत छलफल, आयोजना तथा कार्यक्रमको छनौट तथा स्वीकृति स्थानीय सरकार संचालन ऐन २०७४ को प्राबधान तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र स्थानित तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८ (परिमार्जित) बमोजिम हुनेछ।

२०. **आयोजनाको छनौट तथा बजेट प्रस्ताबः** (१) वडा समिति तथा विषयगत शाखाले आयोजना बैंकमा प्रबिष्ट भएका आयोजना तथा कार्यक्रमको सुचीवाट प्राथमिकीकरणको आधारमा स्रोतको उपलब्धता हेरी आयोजना तथा कार्यक्रमको छनौट र बजेट प्रस्ताब पेस गर्नु पर्नेछ।

(२) वडा समिति वा विषयगत शाखाले बजेट सीमा र बजेट तर्जुमा मार्गदर्शनको आधारमा मध्यमकालीन खर्च संरचनामा प्राथमिकीकरण सहित समाबेश गरिएका नयाँ र क्रमागत आयोजनाको आगामी ३ आर्थिक बर्षको लागि प्रति एकाई लागत बमोजिम वस्तुगत एबम यथार्थपरक लागत अनुमानको आधारमा प्रत्येक आर्थिक बर्षको लागि बार्षिक बजेट प्रस्ताब गर्नु पर्नेछ ।

२१. **समस्याग्रस्त आयोजानाको पुनःमूल्यांकन गर्नुपर्नेः** (१) यो मापदण्ड लागु हुनु पूर्ब कार्यान्वयनमा आई समयमै सम्पन्न हुन नसकी तोकिएको समय र लागतमा उच्च अन्तर भएका समस्याग्रस्त आयोजनाको सुची तयार गरी सम्बन्धित शाखाले पुनःमूल्यांकन गर्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम पुनःमूल्यांकनवाट कार्यान्वयनमा निरन्तरता दिन उपयुक्त देखिएका आयोजना तथा कार्यक्रम आयोजना बैंकमा पुन प्रबिस्ट गरी नयाँ आर्थिक बर्षको मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रममा प्राथमिकताका साथ समाबेश गर्नु पर्नेछ ।

(३) पुनःमूल्यांकनवाट कार्यान्वयनमा निरन्तरता दिन उपयुक्त नदेखिएका आयोजना कार्यपालिकाले आवश्यक प्रक्रिया पुरा गरी खारेज गर्न सक्नेछ ।

## परिच्छेद ५
## बिबिध

२२. **सिफारिस समितिको गठनः** (१) आयोजना बैंकमा प्रबिष्ट भएका आयोजनाको प्रस्तावको परिक्षण र छनौटका लागि निर्देशक समिति समक्ष सिफारिस गर्नको लागि कार्यपालिका अन्तर्गत गठन भएका सम्बन्धित बिषयगत समितिले सिफारिस समितिको कार्य सम्पादन गर्नेछन ।

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले आफ्नो बिषय क्षेत्रसँग सम्बन्धित बिषयगत शाखा वा वडा कार्यालयवाट पेश भएका आयोजना तथा कार्यक्रमको सम्बन्धमा विस्तृत छलफल, परिक्षण र उपयुक्तताको आधारमा निर्देशक समिति समक्ष सिफारिस गर्नेछ ।

(३) सिफारिस समितिको कार्य सम्पादन गर्ने विषयगत समितिको काम कर्तब्य तथा अधिकार विषयगत समितिको गठन तथा संचालन सम्बन्धि कार्यविधि अनुरुप हुनेछ ।

२३. **निर्देशक समितिको गठनः** (१) स्थानीय तहमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले निर्देशक समितिको कार्य सम्पादन गर्नेछ ।

(२) निर्देशक समितिले समितिको बैठकमा बिषयगत शाखाको प्रमुख वा विषयगत समितिको प्रमुख वा विषय बिज्ञलाई आवश्यकताको आधारमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय आयोजना बैंकको प्रभावकारी संचालन र व्यवस्थापनमा आएका नीतिगत तथा प्रक्रियागत समस्याको समाधान गर्ने,

(ख) स्थानीय आयोजना बैंक र राष्ट्रिय आयोजना बैंक तथा प्रदेश आयोजना बैंकवीच प्रणालीगत अन्तरआवाद्धता कायम गर्न मार्गदर्शन गर्ने ।

(ग) बिषयगत समितिवाट सिफारिस भई आएका आयोजना बैंकमा प्रविष्ट हुने आयोजना तथा कार्यक्रमको सन्दर्भमा नीतिगत छलफल तथा परिक्षण गर्ने ।

(घ) निर्देशक समितिको अन्य कार्यविधि समिति (बजेट तथा कार्यक्रम तर्जुमा समिति) आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **बिशेष प्रकृतिका आयोजनाः** (१) नगरपालिकाले देहाय बमोजिमको बिशेष प्रकृतिका आयोजना यस मापदण्डले तोकेको प्रक्रिया पुरा नगरी सोझै कार्यान्वयन गर्न सक्नेछनः

(क) विपदको समयमा गरिने खोज, उद्धार, राहत तथा पुनःस्थापना र तत्काल गर्नुपर्ने पुनःनिर्माण सम्बन्धी कार्यक्रम तथा आयोजना,

(ख) महामारी नियन्त्रणको लागि तत्काल गर्नुपर्ने कार्य,

(ग) संकटकालीन तथा आपतकालीन अवस्थाको सम्बोधन गर्नुपर्ने आयोजना तथा कार्यक्रम,

(घ) समुदाय र नागरिक तथा सार्बजनिक संरचनाको सुरक्षाको लागि तत्काल गर्नु पर्ने कार्य,

(ङ) बैदेशिक सहायता उपयोग गरी संचालन हुने बिशेष प्रकृतिका आयोजना,

(च) संघ र प्रदेश सरकारवाट स्थानीय तहले संचालन गर्ने गरि हस्तान्तरण भएका कार्यक्रम तथा आयोजना,

(२) उपदफा (१) बमोजिम सोझै कार्यान्वयन गरिएका आयोजना तथा कार्यक्रमको विवरण अभिलेखका लागि आयोजना बैंकमा प्रविष्ट गरी सार्बजनिक गर्नु पर्नेछ ।

२५. **आयोजना तथा कार्यक्रम निष्क्रिय हुनेः** आयोजना बैंकमा प्रविष्ट भएका आयोजना तथा कार्यक्रम ५ बर्ष सम्म पनि कार्यान्वयन नभएमा त्यस्ता आयोजना तथा कार्यक्रम स्वत निष्क्रिय हुनेछन। यस किसिमका आयोजना तथा कार्यक्रम आयोजना बैंकवाट हटाउन सकिनेछ ।

२६. **संघ र प्रदेशमा सिफारिस गरिने आयोजनाः** संघ र प्रदेश सरकारमा सिफारिस गरिने आयोजना वा कार्यक्रम तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न सिफारिस गरिने आयोजना तथा कार्यक्रम आयोजना बैंकमा प्रविष्ट गरी कार्यपालिकावाट निर्णय गरी सिफारिस गरिनेछ।

२७. **बाधा अड्काउ फुकाउनेः** यस मापदण्डको कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ सिर्जना भएमा कार्यपालिकाले फुकाउन सक्नेछ ।

## अनुसूची-१

### दफा ४ को उपदफा ५सँग सम्बन्धित

- आयोजना बैंकमा आयोजना प्रविष्ट गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा चरण्
- आयोजना बैंकमा आयोजना प्रविष्ट गर्दा अपाउनु पर्ने प्रकृया तथा चरण (Flow Char)

## अनुसूची-२
## दफा १३ को उपदफा १ सँग सम्बन्धित
## आयोजना सम्बन्धी विवरणको जाँच सुची

| क्र.स. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | आयोजनाको संक्षिप्त वातावरणिय अध्ययन प्रतिवेदन (BRA) वा प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) वा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन (EIA) | | | |
| २. | आयोजनाको कुल लागत तथा श्रोत स्पष्ट खुलेको (Estimating Cost of a Project) | | | |
| ३. | आयोजना विस्तृत इन्जिनियरिङ प्रतिवेदन (DER) वा विस्तृत आयोजना प्रतिवेदन (DPR) वा आयोजनाको प्रस्ताव (Project Proposal) को स्विकृत प्रतिवेदन | | | |
| ४. | जग्गा प्राप्ति वा अधिकरण गर्नु पर्ने भए सोको कार्ययोजना (Land Acquisition Plan) | | | |
| ५. | आयोजनाको खरिद योजना (Project Procurement Plan) | | | |
| ६. | आयोजनाको कार्यान्वयन कार्ययोजना (Implementation Work Plan) | | | |
| ७. | नतिजा खाका (Result Framework) | | | |
| ८. | अनुगमन तथा मुल्याङकन योजना (Monitoring and Evaluation Plan) | | | |

क्र.स. १ र ३ को विवरण पेस गर्दा स्वीकृत गर्ने निकाय, संस्था र मिति देहायको ढाँचामा खुलाउनु पर्नेछ ।

| प्रतिवेदनको नाम | स्वीकृत गर्ने निकाय | स्वीकृत कर्ताको पद | स्वीकृत मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| नामः- | नामः- | नामः- |
| पदः- | पदः- | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

*प्रमाणिकरण मितिः २०८२/०३/१०*

*आज्ञाले,*

*बाबुराम पौडेल*

*प्रमुख प्रशासकीय*

*अधिकृत*